INNOVATIVE RESEARCH JOURNAL VOLUME: 4, ISSUE: 1 JUNE, 2025

**DOI:** https://doi.org/10.3126/irj.v4i1.79526

# नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको व्याकरणिक प्रयोग क्षमता

**रविन्द्र कुमार यादव**
raviyadav99944@gmail.com

## लेखसार

*प्रस्तुत अनुसन्धान नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको व्याकरणिक प्रयोग क्षमता अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीको व्याकरणिक प्रयोग क्षमताको अध्ययन गर्नुलाई मूल उद्देश्यका रूपमा लिइएको छ । यसमा तथ्याङ्क सङ्कलन गर्दा तथ्याङ्कीय र वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने पुस्तकालयीय अध्ययनलाई समेत आधार मानिएको छ । तथ्याङ्क सङ्कलन गर्नका लागि प्रश्नपत्र निर्माण पश्चात परीक्षा लिई प्राप्त उत्तरपुस्तिकाको परीक्षण गरी प्राप्ताङ्कलाई एसपीएसएस प्रोग्राममा प्रविष्ट गरी आवश्यक विभिन्न स्वतन्त्र चरको आधारमा टि टेस्ट गरियो । त्यसबाट प्राप्त नतिजालाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । परीक्षाबाट प्राप्त नतिजाको आधारमा मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूमा सामान्यतया व्याकरणिक क्षमतामा फरक हुने कुरा अनुमान गरिएकोमा मध्यमानले फरक नै हुने देखाए तापनि टी टेस्ट गर्दा दुबैको फरकपन सिग्निफिकेन्ट नरहेकोले यस अध्ययनको अनुमान सार्थक नभएको देखिन्छ । अर्थात् यस अध्ययनले मातृभाषा वा विमातृभाषी नेपाली विद्यार्थीहरूको व्याकरणिक क्षमतामा कुनै फरक नरहेको कुरा प्रस्ट गर्दै मातृभाषाले व्याकरणको सिकाइ वा व्याकरणिक क्षमतामा कुनै असर नपर्ने कुरा देखाएको छ ।*

**शब्दकुञ्जी :** *भाषातत्त्व, मातृभाषी, विमातृभाषी, व्याकरणिक क्षमता ।*

## अध्ययनको पृष्ठभूमि

भाषा विचार आदानप्रदानको माध्यम हो । यो खास किसिमको व्यवस्थामा आधारित हुन्छ । यसका आफ्नै व्यवस्थाहरू हुन्छन् । जसअन्तर्गत ध्वनि व्यवस्था, व्याकरण व्यवस्था, अर्थ व्यवस्था र शब्दभण्डार व्यवस्था पर्दछन् । भाषाका यी व्यवस्थामध्येको एउटा मुख्य व्यवस्था हो : भाषातत्व वा व्याकरण । 'व्याकरण' शब्दको निर्माण वि+आ+कृ (धातु) +ल्युट/अन प्रत्ययको योगबाट भएको देखिन्छ । यसलाई पूर्वीय दृष्टिमा 'व्याक्रियन्ते व्युत्पाद्यन्ते शब्दा अनेन' अर्थात् जसबाट शब्दहरूको व्युत्पत्ति वा विश्लेषण गरिन्छ त्यसलाई व्यारकरण भनिन्छ भनी परिभाषित गरिएको पाइन्छ । व्याकरणकार पतञ्जलिद्वारा लिखित महाभाष्यमा व्याकरणलाई शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष छ वेदाङ्गमध्ये प्रमुख मानिएको छ । वस्तुतः व्याकरण भाषालाई व्यवस्थित गर्ने तत्व हो । परम्परागत दृष्टिमा यसलाई भाषाका वर्ण, रूप, शब्द र वाक्यमा अन्तर्निहित व्यवस्थाका रूपमा व्याख्या गर्न सकिन्छ भने आधुनिक अवधारणा अनुरूप भाषाका वर्ण रूप देखि सङ्कथनमा अन्तर्निहित व्यवस्थाका रूपमा व्याख्या गर्न सकिन्छ ।

व्याकरण शुद्ध लेख्न र बोल्न सिकाउने विधा हो । यसलाई भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णनका रूपमा लिइन्छ । भाषाको संरचना निश्चित नियमबाट र प्रयोग पनि निश्चित नियमबाट नै हुन्छ । हरेक भाषामा ध्वनिदेखि सङ्कथनसम्मका एकाइहरूको व्यवस्था पाइन्छ । साथै तिनको आफ्नै व्याकरणात्मक व्यवस्था पनि रहेको हुन्छ । नेपाली भाषाको पनि आफ्नै व्याकरणात्मक व्यवस्था रहेको छ । यसको व्याकरणात्मक व्यवस्था अन्तर्गत भने रूप, शब्द, पदावली उपवाक्य र वाक्य क्रमशः सानोदेखि ठुलो एकाइमा आउँछन् । यी एकाइमध्ये रूप व्याकरणको सबैभन्दा सानो एकाइ हो भने वाक्य सबैभन्दा ठुलो एकाइ हो । रूपान्तरण व्याकरण तथा व्यवस्थापरक व्याकरणमा चाहिँ रूप र वाक्यका अलावा वर्ण र अर्थलाई पनि व्याकरण अन्तर्गत समेटिएको पाइन्छ । व्याकरणात्मक एकाइहरू उच्चार्य हुने भएकाले वर्णलाई र ती सार्थक समेत हुने भएकाले अर्थलाई यस अन्तर्गत समेटिएको हुन सक्छ । यस दृष्टिले पहिले व्याकरणभित्र शब्द र वाक्य सम्बन्धी व्यवस्थाको र अहिले यसका साथै वर्ण र अर्थ सम्बन्धी व्यवस्थाको पनि चर्चा पाइन्छ ।

नेपाली भाषामा व्याकरण लेखनको पहिलो प्रयास जे.ए. एटनद्वारा भएको पाइन्छ (बन्धु,२०५३ : ३०/३९) । वि.सं. १९६९ मा पं.हेमराज पाण्डेको *चन्द्रिका व्याकरण* प्रकाशित भएपछि नेपाली भाषामा व्याकरण लेखनको सचेष्ट थालनी भएको देखिन्छ । यसै अवधिबाट भाषिक विशुद्धतालाई ध्यान दिनुपर्ने दृष्टिकोण व्याकरणमा आएको पाइन्छ । यसै व्याकरणलाई आधार मानी वि.सं. १९७७ मा सोमनाथ सिग्देलद्वारा लेखिएको *मध्यचन्द्रिकाव्याकरण* ले शैक्षिक व्याकरणको प्रयोजनलाई बढी सार्थक तुल्याउन सफल देखिन्छ भने त्यसपछि हालसम्म लेखिएको शैक्षिक व्याकरणहरू पनि यसैलाई आधार मानी लेखिँदै आएको पाइन्छ (सुबेदी, २०६३ : १) । नेपालको शैक्षिक इतिहासमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि शिक्षा क्षेत्रमा आएको नयाँ परिवर्तन र विस्तारले पाठ्यक्रममा व्याकरणिक अभ्यासहरू उल्लेखित ढङ्गले वृद्धि भएको पाइन्छ । वास्तवमा भाषिक सीप विकासको लागि व्याकरण शिक्षणको अपरिहार्यता सर्वस्वीकार्य विषय हो । यस परिप्रेक्ष्यमा पाठ्यक्रमले निर्दिष्ट गरेका अपेक्षित उद्देश्यहरूलाई पुरा गराउनका लागि उपयुक्त शिक्षण विधिको प्रयोग गरी प्रभावकारी रूपले व्याकरण शिक्षण गर्नु अनिवार्य छ । यसै सन्दर्भमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको व्याकरणिक क्षमता के कस्तो छ त्यसको  अध्ययन, व्याख्या विश्लेषण गर्नु अतिआवश्यक छ । यस अध्ययनमा मुख्य गरी कक्षा आठ मा अध्ययनरत विद्यार्थीको व्याकरणिक प्रयोग क्षमतासँग सम्बन्धित रही अध्ययन विश्लेषण गरिएको छ ।

भाषालाई शिष्ट, स्तरीय, मानक, आधुनिक रूपमा प्रयोग योग्य बनाउन स्तरीय व्याकरणकोआवश्यकता पर्दछ । उच्च स्तरीय बोध र अभिव्यक्ति क्षमताको विकास गर्नुका साथै भाषाको शुद्ध मानक रूपको प्रयोग गर्ने क्षमताको अभिवृद्धिका लागि पनि भाषामा व्याकरण शिक्षणको आवश्यकता परेको हो । यसका अतिरिक्त व्याकरण शिक्षणको मुख्य प्रयोजन विद्यार्थीहरूलाई आफ्ना भाषामा अन्तरनिहित व्याकरण तत्वहरूको निरीक्षण, परिष्कृत तथा विश्लेषण गर्ने क्षमताको विकास गराउनु पनि हो (शर्मा र पौडेल, २०६८ : १५३-१५४) । भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषाविना व्याकरणको अस्तित्व हुँदैन भने व्याकरणविना भाषा पनि हुँदैन ।

नेपाली भाषा भाषिक दक्षताका लागि सिकाइनुपर्ने, व्याकरण पनि भाषिक दक्षता र कुशलता विकासका लागि सहायक हुनुपर्ने र आधारभूत तहमा व्याकरणका कोरा नियम सिकाउनुभन्दा व्याकरणलाई भाषासँगै एकीकृत गरी सिकाउन उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरिएको पाइन्छ । यस्ता नवीन अवधारणाले विद्यार्थीहरूमा कस्तो प्रभाव परेको छ भन्ने हेतुले यससँग सम्बन्धित रहेर 'कक्षा आठमा अध्ययनरत विद्यार्थीको व्याकरणिक क्षमताको अध्ययन' शीर्षकमा मातृभाषी नेपाली र विमातृभाषी नेपाली विद्यार्थीहरूको व्याकरणिक क्षमता के कस्तो छ ? भन्ने प्रश्नमा केन्द्रित भई यो अनुसन्धान गरिएको छ । यसको मुख्य उद्देश्य मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूको व्याकरणिक क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ ।

व्याकरण भाषिक प्रयोग व्यवहारमा शुद्धता ल्याउने विधा हो । यसलाई भाषाको संरचना र प्रयोगको व्यवस्थित वर्णनका रूपमा लिइन्छ । भाषाको संरचना निश्चित नियमबाट र प्रयोग पनि निश्चित नियमबाट नै हुन्छ । हरेक भाषामा ध्वनिदेखि सङ्कथनसम्मका एकाइहरूको व्यवस्था पाइन्छ ।  साथै तिनको आफ्नै व्याकरणात्मक व्यवस्था पनि रहेको हुन्छ । नेपाली भाषाको पनि आफ्नै व्याकरणात्मक व्यवस्था रहेको छ । यसको व्याकरणात्मक व्यवस्था अन्तर्गत भने रूप, शब्द, पदावली उपवाक्य र वाक्य क्रमशः सानोदेखि ठुलो एकाइमा आउँछन् । यी एकाइमध्ये रूप व्याकरणको सबैभन्दा सानो एकाइ हो भने वाक्य सबैभन्दा ठुलो एकाइ हो । रूपान्तरण व्याकरण तथा व्यवस्थापरक व्याकरणमा चाहिँ रूप र वाक्यका अलावा वर्ण र अर्थलाई पनि व्याकरण अन्तर्गत समेटिएको पाइन्छ । व्याकरणात्मक एकाइहरू उच्चार्य हुने भएकाले वर्णलाई र ती सार्थक समेत हुने भएकाले अर्थलाई यस अन्तर्गत समेटिएको हुन सक्छ । व्याकरणले कुनै पनि भाषालाई व्यवस्थित र दीर्घकालीन बनाउँछ । त्यसैले भाषा र व्याकरणबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भन्न सकिन्छ । व्याकरणको प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञान दिनका लागि, व्याकरणसम्बन्धी विविध पक्षको जानकारी हुन जरूरी देखिन्छ ।

प्रस्तुत अध्ययन मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरुको व्याकरणिक प्रयोग क्षमता अध्ययनमा आधारित रहेकाले यसबाट मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूको व्याकरणिक क्षमताबारे जानकारी प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## सैद्धान्तिक अवधारणा

भाषा यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था हो । यादृच्छिक भन्नुको तात्पर्य मानिआएको वा चलिआएको भन्ने हुन्छ । हरेक भाषाको आफ्नै परम्परामा हुन्छ । भाषामा सामाजिक परम्परा अनुसार आफ्नैवाक् प्रतीकको व्यवस्था रहेको पाइन्छ । भाषाको प्रयोग र अस्तित्व समाजमा सुरक्षित रहन्छ । कुनै वस्तु वा धारणालाई जनाउने भाषिक सङ्केतलाई प्रतीक भनिन्छ । भाषासँग सम्बन्धित यस्ता प्रतीकहरूलाई नै वाक्प्रतीक भनिन्छ । भाषामा जे बोलिन्छ त्यो बोली वास्तविक वस्तु नभएर उक्त वस्तुका लागि जनाउने चिह्न मात्र हो (न्यौपाने र अन्य, २०६९ : ३) । भाषा निश्चित व्यवस्थामा निबद्ध रहेको हुन्छ । शिष्ट प्रयोगका हिसाबले भाषामा हुने विशृङ्खलता वा विकृतिहरूलाई सुधार गरी स्तरीय भाषिक रूपको प्रयोग गर्ने सुझको विकास गर्न र सही र गलत प्रयोग छुट्याउने सचेतताको विकास गरी निरीक्षण, पर्यवेक्षण, विश्लेषण र व्याख्या गर्न सक्ने सक्षमता हासिल गराउन व्याकरणलाई भाषाको अभिन्न अङ्गका रूपमा लिइन्छ (शर्मा र पौडेल, २०६८ : ४१०-४११) । व्याकरणिक का आधारभूत तत्वहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र ध्रुवीयताका आधारमा व्याकरणको प्रयोग गर्न अति आवश्यक देखिन्छ ।

## अनुसन्धान विधि

अनुसन्धानको क्रममा प्रयोग गरिने नमुना छनोट, तथ्याङ्क र तिनका स्रोतहरू, तथ्याङ्क सङ्कलनको प्रक्रिया, यसको विश्लेषण र प्रस्तुति जस्ता पक्षहरूको निर्धारण यसमा गरिएको हुन्छ । यसमा तथ्याङ्क सङ्कलनका उपकरणलाई विस्तृत ढङ्गमा प्रस्तुत गरिन्छ । अनुसन्धानलाई उद्देश्यमूलक निष्कर्षकमा पुऱ्याउन अपनाइने नमुना छनोट, तथ्याङ्क सङ्कलन र तथ्याङ्कको विश्लेषण गर्ने प्रक्रियाको समष्टिगत खाकालाई अनुसन्धान पद्धति वा विधि भनिन्छ । अनुसन्धान पद्धति वा विधिले शोधलाई परिणाममुखी बनाउने विश्लेषणीय आधार दिन्छ ।

यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा क्षेत्रीय र वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने पुस्तकालयीय अध्ययनलाई समेत आधार मानिएको छ । सहयोगी विद्यालयहरूमा गएर सम्बन्धित प्रधानाध्यापक तथा विषय शिक्षकसँग अनुमति तथा सहयोग लिई शैक्षिक सत्र २०८१ मा प्रस्तुत अध्ययनको तथ्याङ्क सङ्कलन गरिएको छ जसका लागि छनोट गरिएका प्रत्येक विद्यालयका विद्यार्थीलाई अलग्गै कोठामा राखेर आवश्यक सल्लाह दिई प्रश्न पत्र दिएर अलगै

उत्तरपुस्तिकामा उत्तर सङ्कलन गरिएको छ । प्राप्त उत्तर पुस्तिकाको परीक्षण पश्चात प्राप्ताङ्कलाई एसपीएसएस प्रोग्राममा प्रविष्ट गरी आवश्यक विभिन्न स्वतन्त्र चरको आधारमा टि टेस्ट गरियो । त्यसबाट प्राप्त नतिजालाई तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

यस अध्ययनका लागि प्राथमिक स्रोत अन्तर्गत रौतहट जिल्ला चन्द्रपुर नगरपालिकाभित्रका कक्षा आठमा अध्ययनरत विद्यार्थीको परीक्षा लिएर सङ्कलन गरिएको उत्तरपुस्तिकालाई प्राथमिक स्रोतकारूपमा लिइएको छ । त्यसैगरी सम्बन्धित विषयका विज्ञहरूका सुझावहरूलाई पनि यस अनुसन्धानमा द्वितीय स्रोतका रूपमा समेटिएको छ । प्रस्तुत अनुसन्धानका लागि यस सम्बद्ध पुस्तक, पूर्व अनुसन्धान, व्याकरणहरू, लेख, रचना आदिलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

भाषिक अनुसन्धानका सन्दर्भमा सम्बद्ध शीर्षकसँग सम्बन्धित रौतहट जिल्लाका सबै व्यक्तिलाई जनसङ्ख्या भनिन्छ । प्रस्तुत अध्ययनका लागि २०८१ सालमा रौतहट जिल्ला चन्द्रपुर  नगरपालिकाभित्रका विद्यालयमा अध्ययनरत कक्षा आठका सम्पूर्ण विद्यार्थीहरूलाई जनसंख्याकारूपमा लिइएको छ । नमुना छनोट त्यस्तो प्रकृया हो जसद्वारा व्यक्ति, वस्तु र घटनाहरूको सानो सङ्ख्या छनोट गरिन्छ र सम्पूर्ण जनसङ्ख्याको बारेमा केही कुरा पत्ता लगाउन विश्लेषण गरिन्छ । यसरी ठुलो समूहबाट केही एकाइहरू छनोट गर्ने प्रकिया नै नमुना छनोट हो (घिमिरे र निउरे २०७० : ६७) ।यस शोधकार्यलाई सहज बनाउनका लागि उपयुक्त हुने उद्देश्यमूलक नमुना छनोट विधि अपनाइएको छ । अनुसन्धान कार्य सबै जनसंख्यालाई लिएर अध्ययन गर्न असम्भव र अव्यावहारिक हुन्छ । प्रस्तुत अध्ययनमा नमुना जनसंख्याका लागि रौतहट जिल्ला चन्द्रपुर  नगरपालिका वडा नं. १ भित्रका दुई ओटा  विद्यालय लिइएको छ । । ती दुई ओटा  विद्यालयबाट कक्षा आठ मा अध्ययनरत १२० जना मातृभाषी नेपाली  र विमातृभाषी नेपाली  विद्यार्थीहरूमध्येबाट $n0=t^2a/2pq/d^2$ and $n= n0/1+n0/N$ सुत्रका आधारमा ६७ जना विद्यार्थीहरू छनोट गरिएको छ ।

$n0=t^2a/2pq/d^2$ $\quad$ $t^2a/2 = 1.96*1.96$

P( Neplai mothers tongue) = 35%   q(Others Mothers tongue) = 65%

d=7% $\quad$ N= 120

अध्ययन अनुसन्धानसँग सम्बन्धित प्रश्नहरूको उत्तर पाइने उद्देश्यले उत्तरदातालाई पठाउने प्रश्नहरूको सूची नै प्रश्नावली हो (लम्साल र अन्य, २०६८ : ४८)। प्रश्नावली सामग्री सङ्कलनको महत्वपूर्ण साधन हो। प्रश्नावली सम्बन्धित क्षेत्रका स्रोतव्यक्ति वा सूचकबाट सूचना वा सामग्री प्राप्त गर्न तयार गरिएको हुन्छ। यसमा विषयको लागि आवश्यक सूचनालाई समेटेर प्रतिक्रिया दिन लगाइन्छ। प्रस्तुत अध्ययनका लागि व्याकरण व्यवस्थाअन्तर्गत व्याकरणिक प्रयोग क्षमता पहिचानसँग सम्बन्धित रहेर प्रश्नहरू निर्माण गरिएको छ। प्रश्न निर्माणकालागि कक्षा आठको पाठ्यक्रमलाई आधार मानिएको छ। प्रश्नावलीमा वचन, लिङ्ग, पुरुष, काल जस्ता पक्षहरू समेटिएका छन्। जम्मा ३० पूर्णाङ्कको प्रश्नपत्र रहेको छ जसकालागि ५० मिनेटसमय दिइएको छ भने उत्तीणाङ्क १२ निर्धारण गरिएको छ।

## नतिजा र विशलेषण

यस अध्ययनको क्रममा लिइएको परीक्षाको नतिजाको आधारमा प्राप्त सूचनाहरूलाई तालिकावद्ध गरी विश्लेषण गरिएको छ।

**Sex of Respondents**

| | | Frequency | Percent | Valid Percent | Cumulative Percent |
|---|---|---|---|---|---|
| Valid | Boys | 31 | 46.3 | 46.3 | 46.3 |
| | Girls | 36 | 53.7 | 53.7 | 100.0 |
| | Total | 67 | 100.0 | 100.0 | |

यस अनुसन्धानमा जम्मा ६७ जनामा ४६ प्रतिशत छात्र र ५८ प्रतिशत छात्रा रहेको छ।

**Caste/Ethnicity**

| | | Frequency | Percent | Valid Percent | Cumulative Percent |
|---|---|---|---|---|---|
| Valid | Brahmin/ Kshetry | 13 | 19.4 | 19.4 | 19.4 |
| | Janjati | 31 | 46.3 | 46.3 | 65.7 |
| | Madheshi | 16 | 23.9 | 23.9 | 89.6 |
| | Dalit | 7 | 10.4 | 10.4 | 100.0 |
| | Total | 67 | 100.0 | 100.0 | |

यस अध्ययनमा संलग्न ६७ जनामध्ये १९ प्रतिशत ब्राहमण/क्षेत्री, जनजाती ४६ प्रतिशत, मधेशी २४ प्रतिशत र दलित ११ प्रतिशत रहेको छ।

**Mother tongue**

| | | Frequency | Percent | Valid Percent | Cumulative Percent |
|---|---|---|---|---|---|
| Valid | Nepali | 23 | 34.3 | 34.3 | 34.3 |
| | Others | 44 | 65.7 | 65.7 | 100.0 |
| | Total | 67 | 100.0 | 100.0 | |

प्रस्तुत अध्ययनको लागि छनोट गरिएको नमुनामध्ये ३४ प्रतिशत नेपालीभाषी र ६६ प्रतिशत विमातृभाषी नेपाली रहेका छन् ।

**Religion**

| | | Frequency | Percent | Valid Percent | Cumulative Percent |
|---|---|---|---|---|---|
| Valid | Hindu | 43 | 64.2 | 64.2 | 64.2 |
| | Baudha | 18 | 26.9 | 26.9 | 91.0 |
| | Krichiyan | 4 | 6.0 | 6.0 | 97.0 |
| | others | 2 | 3.0 | 3.0 | 100.0 |
| | Total | 67 | 100.0 | 100.0 | |

प्रस्तुत अध्ययनको लागि छनोट गरिएको नमुनामध्ये ६४ प्रतिशत हिन्दु, २७ प्रतिशत बौद्ध, ६ प्रतिशत क्रिस्चियन र ३ प्रतिशत अन्य धर्मालम्बी रहेका छन् ।

समग्रमा लिङ्ग, जातजाती, धर्म, मातृभाषाका आधारमा

| लिङ्गको | | जातजातीका | | | | धर्मका | | | | मातृभाषा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | ब्राहमण | जनजाती | मधेशी | दलित | हिन्दु | बौद्ध | क्रिस्चियन | अन्य | नेपाली | अन्य |
| 46.3 | 53.7 | 19.4 | 46.3 | 23.9 | 10.4 | 64.2 | 26.9 | 6.0 | 3.0 | 34.3 | 65.7 |

**Group Statistics**

| | Mother tongue | N | Mean | Std. Deviation | Std. Error Mean |
|---|---|---|---|---|---|
| Q14Total | Nepali | 23 | 12.3913 | 4.72651 | .98555 |
| | Others | 44 | 10.1818 | 4.26600 | .64312 |

**Independent Samples Test**

| | | Levene's Test for Equality of Variances | | t-test for Equality of Means | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | F | Sig. | t | df | Sig. (2-tailed) | Mean Difference | Std. Error Difference | 95% Confidence Interval of the Difference | |
| | | | | | | | | | Lower | Upper |
| Q14Total | Equal variances assumed | .827 | .367 | 1.940 | 65 | .057 | 2.20949 | 1.13915 | -.06554 | 4.48452 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Equal variances not assumed | | | 1.878 | 40.929 | .068 | 2.20949 | 1.17682 | -.16728 | 4.58625 |

यस अध्ययनमा मातृभाषी नेपाली र विमातृभाषी नेपाली विद्यार्थीहरूका व्याकरणिक क्षमताको तुलनातमक अध्ययन गर्न लिइएको परीक्षाको प्रतिफललाई तथ्याङ्कीयमाध्यमबाट परीक्षण गर्दा दुबैको मध्यक मानमा फरक देखियो । मध्यक मानमा सामान्य फरक देखिए ता पनि यसको टि टेस्ट गर्दा सिग्निफिकेन्टको मान .०५७ आयो । जुन ०.०५ भन्दा माथि रहेको छ । तसर्थ दुबैमा मध्यक मान फरक देखिए पनि Statically significant नरहेको देखिन्छ । यसर्थ मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूमा व्याकरणिक क्षमतामा कुनै फरक हुँदैन भन्ने निष्कर्ष निकालिएको छ ।

**Group Statistics**

| | Sex of Respondents | N | Mean | Std. Deviation | Std. Error Mean |
|---|---|---|---|---|---|
| Q14Total | Boys | 31 | 10.6452 | 3.81705 | .68556 |
| | Girls | 36 | 11.1944 | 5.08679 | .84780 |

**Independent Samples Test**

| | | Levene's Test for Equality of Variances | | t-test for Equality of Means | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | F | Sig. | t | df | Sig. (2-tailed) | Mean Difference | Std. Error Difference | 95% Confidence Interval of the Difference | |
| | | | | | | | | | Lower | Upper |
| Q14Total | Equal variances assumed | 2.597 | .112 | -.493 | 65 | .624 | -.54928 | 1.11364 | -2.77337 | 1.67480 |
| | Equal variances not assumed | | | -.504 | 63.875 | .616 | -.54928 | 1.09030 | -2.72749 | 1.62893 |

यस अध्ययनमा लिइएको परीक्षाको प्रतिफललाई तथ्याङ्कीयमाध्यमबाट परीक्षण गर्दा छात्र र छात्रा दुबैको मध्यक मानमा फरक देखियो । केटाको तुलनामा केटीको व्याकरणिक क्षमता अलि

राम्रो रहेको देखियो । मध्यक मानमा सामान्य फरक देखिए ता पनि यसको टि टेस्ट गर्दा सिग्निफिकेन्टको मान ०.०६२४ आयो । जुन ०.०५ भन्दा माथि रहेको छ । तसर्थ दुबैमा मध्यक मान फरक देखिए पनि Statically significant नरहेको देखिन्छ । यसर्थ छात्र वा छात्राको व्याकरणिक क्षमतामा कुनै प्रकारको भिन्नता नरहेको कुरा पुष्टि हुन्छ ।

**Group Statistics**

| | Extra activites | N | Mean | Std. Deviation | Std. Error Mean |
|---|---|---|---|---|---|
| Q14Total | Yes | 50 | 11.4400 | 4.70848 | .66588 |
| | No | 17 | 9.4706 | 3.64207 | .88333 |

**Independent Samples Test**

| | | Levene's Test for Equality of Variances | | t-test for Equality of Means | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | F | Sig. | t | df | Sig. (2-tailed) | Mean Difference | Std. Error Difference | 95% Confidence Interval of the Difference | |
| | | | | | | | | | Lower | Upper |
| Q14Total | Equal variances assumed | 1.269 | .264 | 1.569 | 65 | .121 | 1.96941 | 1.25488 | -.53675 | 4.47558 |
| | Equal variances not assumed | | | 1.780 | 35.597 | .084 | 1.96941 | 1.10620 | -.27494 | 4.21377 |

यस अध्ययनमा लिइएको परीक्षाको प्रतिफललाई तथ्याङ्कीय माध्यमबाट परीक्षण गर्दा अतिरिक्त कियाकलापमा सहभागी हुने र नहुने दुबैको मध्यक मानमा फरक देखियो । सहभागी नहुनेको तुलनामा हुनेको व्याकरणिक क्षमता अलि राम्रो रहेको देखियो । मध्यक मानमा सामान्य फरक देखिए ता पनि यसको टि टेस्ट गर्दा सिग्निफिकेन्टको मान .०८४ आयो । जुन ०.०५ भन्दा माथि रहेको छ । तसर्थ दुबैमा मध्यक मान फरक देखिए पनि Statically significant नरहेको देखिन्छ । यसर्थ अतिरिक्त कियाकलापमा सहभागी हुने वा नहुनेको व्याकरणिक क्षमतामा कुनै प्रकारको भिन्नता नरहेको कुरा पुष्टि हुन्छ ।

## Post Hoc Tests

**Multiple Comparisons**

Dependent Variable: Q14Total
Scheffe

| (I) Religion | (J) Religion | Mean Difference (I-J) | Std. Error | Sig. | 95% Confidence Interval Lower Bound | Upper Bound |
|---|---|---|---|---|---|---|
| Hindu | Baudha | .54780 | 1.27907 | .980 | -3.1264 | 4.2220 |
| | Krichiyan | 3.07558 | 2.38169 | .646 | -3.7660 | 9.9171 |
| | others | 1.82558 | 3.29578 | .958 | -7.6418 | 11.2929 |
| Baudha | Hindu | -.54780 | 1.27907 | .980 | -4.2220 | 3.1264 |
| | Krichiyan | 2.52778 | 2.51852 | .799 | -4.7068 | 9.7624 |
| | others | 1.27778 | 3.39598 | .986 | -8.4774 | 11.0329 |
| Krichiyan | Hindu | -3.07558 | 2.38169 | .646 | -9.9171 | 3.7660 |
| | Baudha | -2.52778 | 2.51852 | .799 | -9.7624 | 4.7068 |
| | others | -1.25000 | 3.94577 | .992 | -12.5845 | 10.0845 |
| others | Hindu | -1.82558 | 3.29578 | .958 | -11.2929 | 7.6418 |
| | Baudha | -1.27778 | 3.39598 | .986 | -11.0329 | 8.4774 |
| | Krichiyan | 1.25000 | 3.94577 | .992 | -10.0845 | 12.5845 |

पोष्ट होक टेष्टका आधारमा विभिन्न धर्मका नमुनाहरू तुलनात्मक परीक्षण गर्दा समेत मध्यकमान फरक आए ता पनि कुनैपनि धर्मका तथ्याङ्कीय मान सिग्निफिकेन्ट नरहेको पाइयो । अर्थात् धर्मले व्याकरिणक क्षमतामा कुनै फरकपन नल्याउने निष्कर्ष निकालिएको छ ।

**छलफल**

प्रस्तुत अध्ययनमा मातृभाषी र विमातृभाषी नेपाली विद्यार्थीहरूको व्याकरणिक क्षमतामा तुलनात्मक रूपमा सामान्यतया फरक देखिए ता पनि टि टेस्टले तथ्याङ्कीय आधारमा सिग्निफिकेन्ट नरहेको हुनाले मातृभाषा, लिङ्ग, जातजाती, धर्म, अतिरिक्त क्रियाकलापमा सहभागी हुने वा नहुनेले कुनै प्रभाव नपार्ने देखाउँछ । पासवान (२०७०), 'नेपाली र बज्जिका मातृभाषी विद्यार्थीको व्याकरणिक क्षमताको अध्ययन' शीर्षकमा गरिएको अध्ययनमा समेत व्याकरणका विभिन्न कोटीहरूको परीक्षण गरिएको थियो र त्यस परीक्षणको तथ्याङ्कीय आधारमा विश्लेषण गर्दा मध्यकमान फरक देखिए ता पनि टि टेस्टले सिग्निफिकेन्ट नरहेको देखिएको थियो । यो अध्ययन मेरो अध्ययनसँग मिल्ने भएकाले दुबैको तुलना गर्दा दुबै अध्ययनले व्याकरणिक क्षमतामा कुनै असर नपरेको निष्कर्ष निकालिएको छ ।

**निष्कर्ष**

यस अध्ययनका आधारमा नेपाली मातृभाषी र विमातृभाषीको व्याकरणिक क्षमताको स्थिति सम्बन्धमा विविध निष्कर्ष निकालिएको छ । यस अध्ययनका क्रममा प्राप्त तथ्यको अध्ययन, विश्लेषण गर्दा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूमा सामान्यतया व्याकरणिक क्षमतामा फरक हुने कुरा अनुमान गरिएकोमा मध्यमानले फरक नै हुने देखाए पनि टी टेस्टले दुबैको फरकपन सिग्निफिकेन्ट नरहेको देखाएको छ । यसर्थ यस अध्ययनको अनुमान सार्थक नभएको निष्कर्ष निकालिएको छ । यस अध्ययनले मातृभाषी र विमातृभाषी नेपाली नेपाली विद्यार्थीहरूको व्याकरणिक क्षमतामा कुनै फरक नरहेको देखाएको छ । अर्थात् मातृभाषाले व्याकरणको सिकाइमा वा क्षमतामा कुनै प्रभाव नपर्ने कुरा अध्ययनको निष्कर्षका रूपमा रहेको छ ।

## सन्दर्भसूची

खनाल, पेशल (२०८१), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेशन प्रा. लि ।

ढकाल, शान्ति प्रसाद (२०७४), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* पिनाकल पब्लिकेशन प्रा.लि. ।

पौडेल, राजेन्द्रप्रसाद र पण्डित, सि.एन. (२०६८), *आधुनिक अनुसन्धान पद्धति लेखन तथा मूल्याङ्कन,* प्रज्ञा प्रकाशन प्रा.लि. ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६८), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,*

तलेजु प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* शुभकामना प्रकाशन प्रा.लि. ।

भट्टराई, डी.पी. र ढुङ्गेल, डिल्लीराम (२०७३), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०६७), *भाषा शिक्षण,* सनलाइट पब्लिकेसन ।